नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग

# आन्तरिक राजस्व कार्यालय

बागलुङ

प.सं.:- ०८२/०८३
च.नं.:-

मितिः- २०८३/०२/०९
ने.सं. ११४६ अनलाथ्व ७ शनिबार

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
आन्तरिक राजस्व कार्यालय
बागलुङ

## लोमन्थाङ गाउँपालिकाबाट करदाता सेवा प्रवाह शुभारम्भ भएको सूचना ।

आज मिति २०८३ जेष्ठ ९ गते शनिबारका दिनबाट लोमान्थाङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, लोमन्थाङ, मुस्ताङबाट करदाता सेवा सम्बन्धी देहायका सेवा प्रवाह शुरुवात भएको हुँदा लोमन्थाङ गाउँपालिकाका करदाताले सो पालिकाबाट सेवा लिन सक्नु हुने व्यहोरा जानकारीका लागि अनुरोध छ ।

- ✓ स्थायी लेखा नम्बर (Permanent Account Number) जारी गर्ने कार्य ।
- ✓ व्यवसायलाई आयकरमा दर्ता गर्ने कार्य (Business PAN) आयकर दर्तामा कारोबार थप गर्ने कार्य ।
- ✓ स्थायी लेखा नम्बर दर्तासँग सम्बन्धित संशोधन कार्य ।
- ✓ दर्ता खारेजी भएका व्यवसायिक स्थायी लेखा नम्बरहरूलाई व्यक्तिगत स्थायी लेखा नम्बरमा रूपान्तरण गर्ने कार्य ।

<u>पुनश्च</u>

१. लोमन्थाङ गाउँपालिकाका करदाताहरूले उल्लिखित र उल्लिखित बाहेकका सेवाहरू सोझै आन्तरिक राजस्व कार्यालय, बागलुङमा आएर पनि लिन सक्नुहुनेछ ।
२. उल्लिखित बाहेकका सेवाहरूको हकमा गाउँ कार्यपालिकाको कार्यालयको सिफारिसमा आन्तरिक राजस्व कार्यालय, बागलुङबाटै सेवा लिनुपर्ने हुन्छ अथवा सोझै आन्तरिक राजस्व कार्यालय, बागलुङमा आएर पनि सेवा लिन सक्नु हुनेछ ।


फोन नं.:- ०६८-५२०१२९ इमेलः- iro-baglung@ird.gov.np वेवसाइटः- https://ird.gov.np/office/irobaglung